नेपाल सरकार
गृह मन्त्रालय
क्षेत्रीय प्रशासन कार्यालय
पश्चिमाञ्चल विकास क्षेत्र
( ..... .......... )

टेलिफोनः
४६५३६२ कार्यालय
४६३५९८ "
४६४८४१ "
४६२६७२ "
५२००५४ "
५३३०९६ निवास
४६२५९४ फ्याक्स
e-mail
regional_adm@yahoo.com
पोखरा, कास्की, नेपाल

पत्र संख्याः-०७१/७२
प्राप्त पत्र संख्या र मिति :-
चलानी नं.:-

मितिः– २०७१।०९।२२

**विषय : सडक सुरक्षा तथा अतिक्रमण नियन्त्रण सम्वन्धमा ।**

श्री सडक डिभिजन कार्यालय,

कास्की/वाग्लुङ/तनहुँ/पाल्पा/कपिलवस्तु

प्रस्तुत विषयमा सार्वजनिक सडकहरुको वर्गीकरण, निर्माण, मर्मत संभार, विस्तार र सुधार गर्न नेपाल सरकारले सार्वजनिक सडक ऐन, २०३१ जारी गरेको र उक्त ऐन आवश्यक संशोधन सहित पूर्णतः क्रियाशील भैरहेको अवस्था छ । उक्त ऐनले सडकलाई राजमार्ग, सहायक मार्ग, जिल्ला मार्ग र शहरी मार्ग भनी वर्गीकरण गरी सडक सीमा समेत तोकेको छ । ऐनले सडक सीमा तोकिएकोमा सडक सीमा भित्र र नतोकिएकोमा सार्वजनिक सडक किनारावाट ६/६ मिटरमा कुनै संरचना वनाउन नपाउने, सार्वजनिक सडकको आवागमनमा वाधा पुऱ्याउने गरी कसैले कुनै वस्तु राख्न नपाउने, नियमानुसार स्वीकृत नलिई सार्वजनिक सडकहरुसँग जोडिने गरी प्रवेश मार्ग वनाउन, कुनै व्यक्ति वा संस्थाले सडक र सडक सीमाभित्र खन्न वा भत्काउन, किला, लठ्ठा, तगारो आदि गाड्न वा हाल्न, कुनै अस्थायी छाप्रो हाल्न, जग्गा आवादी गर्न नपाउने र उक्त सडक सीमाभित्र रुख विरुवा लगाई सोको रेखदेख गर्ने व्यवस्था गरी यस व्यवस्थाको विपरीत हुने गरी कसैले कुनै कार्य गरेमा तत्काल हटाउन आदेश दिने र नहटाइएमा आफै हटाई लागेको खर्च सम्बन्धितबाट असुल उपर गर्ने गराउने व्यवस्था गरेको छ ।

यस कार्यालयबाट सार्वजनिक आवागमनलाई सुरक्षित र भरपर्दो बनाउने सम्बन्धमा गरिएका प्रयास तथा विभिन्न सार्वजनिक सडकहरुको अनुगमन सुपरीवेक्षण गर्दा सडक अतिक्रमण बढ्दै गएको, सडक सुरक्षामा ध्यान नपुगेको र सवारी दुर्घटना बढ्नुमा सडक सुरक्षा र अतिक्रमण एक प्रमुख कारण रहेको भनी सेवाग्राही तथा अन्य सरोकारवालाबाट अवधारणा राखी सुझाव समेत प्राप्त भएको हुँदा सार्वजनिक सडक ऐन, २०३१ को कार्यान्वयनको सम्बन्धमा देहायका कार्यहरुमा के भएको हो ? स्पष्ट गरी तत्काल कार्यन्वयन गरी गराई सो को जानकारी हुन र कार्यान्वयनमा कुनै समस्या परेमा वा सुरक्षा आवश्यक भएमा स्थानीय प्रशासनसंग समन्वय गरी गर्नु/गराउनु हुन यस कार्यालयको मिति २०७१।९।२१ को निर्णय अनुसार अनुरोध गरिन्छ ।

१. सडक सीमा (Right of Way) निर्धारण भएको क्षेत्रभित्र र नभएकोमा ऐनले निर्धारण गरेको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खन्दा, भत्काउदा, पुर्दा, संरचना निर्माण गर्दा र परिवर्तन गर्दा सडक विभाग वा ताँहा कार्यालयको स्वीकृत वा अनुमती लिएको छ छैन? नलिएको भए के कति कारणले अनुमति नलिई उक्त कार्यहरु भैरहेको छ ? यस्ता कार्यहरु भइरहेको ताहाँ कार्यालयलाई कुनै जानकारी छ छैन? प्रचलित कानून विपरीत सडक तथा सडक सीमा अतिक्रमण गरी माटो खन्ने, पुर्ने, नाली भत्काउने-पुर्ने, पिच सडक पुर्ने र त्यसको गुणस्तरमा ह्रास आउने कार्यसमेत गर्दा किन कुनै कारवाही नगरिएको हो ? ताँहा कार्यालयको दायित्व र जिम्मेवारीमा रहेका राजमार्ग, सहायक मार्ग, जिल्ला मार्ग र सहरी मार्गमा उपरोक्त अनुसारको कार्य कहाँ कहाँ भैरहेको छ यकिन गरी सात दिनभित्र आवश्यक कारवाही प्रारम्भ गरी सोको जानकारी गराउनु हुन ।
२. सार्वजनिक सडक सीमाभित्रको जमीन र सडक किनाराका पोलहरुमा तथा विभिन्न व्यक्ति वा संस्थाले आफै संरचना वनाई होर्डिङ्गवोर्ड राखी वा अन्य तरिकाले होटल, रेष्टुरेण्ट र व्यापारिक संस्थाका वोर्ड, विज्ञापन र सूचनाहरु, मादक पदार्थ र अन्य पेय पदार्थ सम्वन्धी विज्ञापनहरु विभिन्न

नेपाल सरकार
गृह मन्त्रालय
क्षेत्रीय प्रशासन कार्यालय
पश्चिमाञ्चल विकास क्षेत्र
( ..... .......... )

टेलिफोन:
४६५३६२ कार्यालय
४६३५९८ "
४६४८४१ "
४६२६७२ "
५२००५४ "
५३३०९६ निवास
४६२५९४ फ्याक्स
e-mail
regional_adm@yahoo.com
पोखरा, कास्की, नेपाल

पत्र संख्या:-०७१/७२
प्राप्त पत्र संख्या र मिति :-
चलानी नं.:-

सामाजिक संस्थाका वोर्ड र चेतनामूलक सामाग्रीहरु राखेको पाइएकोले त्यस्तो सामाग्री राख्न ताँहावाट स्वीकृति/अनुमती लिएको छ कि छैन ? ताँहावाट नलिएको भए सम्वन्धित जि.वि.स., नगरपालिका र गा.वि.स.वाट लिएको भए सो समेत जानकारी लिई सार्वजनिक सडक ऐन, २०३१ को प्रतिकूल हुने सवै सूचना वोर्ड तथा विज्ञापनहरु हटाउने व्यवस्था प्रारम्भ गरी सोको जानकारी गराउन हुन ।

३. ताँहा कार्यालय अर्न्तगत सडकको नियमित मर्मत संभार एवम् सडक किनारा र नाली सफा गर्न खटिएका लेन्थ वर्करहरुले कहाँ कसरी र कस्को सुपरीवेक्षणमा काम गरिरहेका छन् ? उनीहरुको सुपरीवेक्षण कसले कसरी गर्छ? धेरै जसो सडकहरुको किनारा तथा नालीमा पानी जमी सडकमा समेत पानी आई सडक भत्की आवागमनमा वाधा तथा दुर्घटना वढाएको, सडक सीमाभित्रको जमीनमा लगाइएका रुख विरुवा उखेल्ने, काट्ने र व्यक्तिहरुले जथाभावी प्रयोग गर्ने गरेको पाइएको साथै सडक सुरक्षाको निम्ति सडक किनारामा गाडिएका ट्राफिक साइनवोर्ड, किलोमिटर पोष्ट, प्याराफिट वाल, क्र्यास व्यारियरहरु विभिन्न ठाउमा मर्मत संभार नभएको देखिएको र सडक सीमाभित्रको सार्वजनिक जमीनमा व्यक्ति, संस्था वा व्यापारिक प्रतिष्ठानहरुले निर्माण सामग्री र व्यापारिक वस्तु राखी व्यक्तिगत रुपमा प्रयोग गरि आएको पाइएको हुँदा सो सम्वन्धमा यथार्थ वुझी आवश्यकता अनुसार स्थानीय निकाय तथा समुदायसँग समेत समन्वय गरी तत्काल सुधारको कार्य प्रारम्भ गर्नु गराउनु हुन ।

उपरोक्त अनुसारको कार्य गर्न गराउन आवश्यक शान्ति सुरक्षा समन्वय र सहयोगका लागि सम्वन्धित जिल्ला प्रशासन कार्यालयहरुलाई निर्देशन दिई सकेको हुँदा आवश्यकता अनुसार सहयोग लिन सकिने व्यहोरा समेत अनुरोध गरिन्छ ।

............................ .
(दिनेश कुमार थपलिया)
क्षेत्रीय प्रशासक

**बोधार्थ तथा कार्यार्थ:**

श्री क्षेत्रीय सडक निर्देशानलय
पोखरा । : कार्य प्रारम्भ गर्न आवश्यक समन्वय एवम् निर्देशन हुन ।

**वोधार्थ :**

श्रीमान् मुख्य सचिव ज्यू,
प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय,
सिंहदरवार, काठमाडौं । : जानकारी तथा समन्वयका लागि ।

श्रीमान् सचिव ज्यू,
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,
सिंहदरवार, काठमाडौं । : ताँहावाट समेत आवश्यक निर्देशन हुन ।

श्रीमान् महानिर्देशक ज्यू,
सडक विभाग, ववरमहल, काठमाडौं : ताँहावाट समेत आवश्यक निर्देशन हुन ।

श्री जिल्ला प्रशासन कार्यालय,
पश्चिमाञ्चल विकास क्षेत्र, (सवै) : आवश्यक शान्ति सुरक्षा र सहयोग उपलब्ध हुन ।